बैठक संख्याः २२।२०८१

बैठक मितिः २०८१।११।२५ गते, समयः विहान १०:०० बजे

स्थानः पाखीबास नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८१।११।२५ गते आईतवार विहान १०:०० बजे पाखीवास नगरपालिकाका नगर प्रमुख श्री ज्ञान बहादुर गुरुङज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.स. | नामथर | पद | वडा नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री ज्ञान बहादुर गुरुङ | नगर प्रमुख | | |
| २ | श्री नम्रता गौतम | नगर उप-प्रमुख | | |
| ३ | श्री भोगेन्द्र पाण्डे | वडा अध्यक्ष | १ | |
| ४ | श्री चुडामणि पुलामी | वडा अध्यक्ष | २ | |
| ५ | श्री सरोज राई | वडा अध्यक्ष | ३ | |
| ६ | श्री सन्तोष मानन्धर | वडा अध्यक्ष | ४ | |
| ७ | श्री महेश राई | वडा अध्यक्ष | ५ | |
| ८ | श्री देवेन्द्र गुरागाई | वडा अध्यक्ष | ६ | |
| ९ | श्री देवेन्द्र बहादुर तामाङ | वडा अध्यक्ष | ७ | |
| १० | श्री गजेन्द्र बहादुर राई | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सम्झना आले | वडा अध्यक्ष | ९ | |
| १२ | श्री हरी बहादुर खत्री | वडा अध्यक्ष | १० | |
| १३ | श्री इन्द्र कुमार राई | कार्यपालिका सदस्य | ७ | |
| १४ | श्री विष्णु माया विश्वकर्मा | कार्यपालिका सदस्य | २ | |
| १५ | श्री रुप बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | ५ | |
| १६ | श्री तारा देवी ढकाल (धमला) | कार्यपालिका सदस्य | ९ | |
| १७ | श्री सवीता कार्की | कार्यपालिका सदस्य | ७ | |
| १८ | श्री सीता देवी बस्नेत | कार्यपालिका सदस्य | ३ | |
| १९ | श्री नगेन्द्र राई | कार्यपालिका सदस्य | ८ | |
| २० | श्री गीता परियार | कार्यपालिका सदस्य | १० | |
| २१ | श्री अनिस काफ्ले | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| **सहयोगी कर्मचारी** | | | | |
| १ | श्री ओम बहादुर आले मगर | अधिकृतस्तर आठौं | | |
| २ | श्री नरेन्द्र कुमार लिम्बु | इञ्जिनियर | | |
| ३ | श्री पर्शुराम श्रेष्ठ | इञ्जिनियर | | |
| ४ | श्री शेखर गौतम | कम्प्युटर अपरेटर | | |

CamScanner

प्रश्ताव नं १

नदीजन्य पदार्थको उत्खनन घाटगद्दी तथा विक्री वितरण सम्बन्धमा ।

<u>निर्णय नं १ ।</u>

पाखीबास नगरपालिका अन्तरगत वडा नं ५ स्थित माझ्याया खोला दोभान अरुण नदिको किनार क्षेत्रबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन २०८१ (IEE) मा उल्लिखित पमरिमाणमा नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन, संकलन तथा विक्री वितरण गर्न न्यूनतम ठेक अङ्क रु १०४१८६३।१४ पैसा (दस लाख एकचालीस हजार आठ सय त्रिसट्ठी रुपैया चौध पैसा मात्र)कायम गरि ठेक्का बन्दोबस्ती गर्नको लागि यस कार्यालयबाट १५ दिनको समयावधि राखी मिति २०८१।१०।०३ मा प्रथम पटक, मिति २०८१।१०।२० मा दोश्रो पटक कोशीपत्र राष्ट्रिय दैनिकमा बोलपत्र प्रकाशन गरिएकोमा सुचना बमोजिम कुनै पनि बोलपत्र पेश हुन नसकी पुन मिति २०८१।११।१२ गते ७ (सात) दिनको समयावधी राखील न्यू सृष्टी राष्ट्रिय दैनिकमा बोलपत्रको सुचना प्रकाशन गरिएकोमा सो बमोजिम पनि कुनै पनि बोलपत्र पेश नभएको हुँदा कोशी प्रदेश आर्थिक ऐन २०८१ को अनुसुची-६ को सि नं १७ मा **स्थानीय तहले घाटगद्दी गरि सोझै प्राकृतिक श्रोत-बिक्री गर्दा तोकिएको बिक्री दर अनुसार मुल्य कायम गर्नुपर्नेछ** भन्ने व्यवस्था बमोजिम हुने गरि यस नगरपालिकाबाट स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन २०८१ (IEE) मा उल्लिखित पमरिमाणमा नबढ्ने गरी नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, रोडा, ग्राभेल र बालुवाको उत्खनन, संकलन तथा विक्री वितरण गर्ने प्रयोजनको लागि नगर कार्यपालिकाको मिति २०८१।०८।१९ को निर्णय नं ५ अनुसार गठित समितिको प्रत्यक्ष उपस्थिती र रेखदेखमा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन २०८१ (IEE) मा उल्लिखित उत्खननको मापदण्डहरु पालना गरि उल्लिखित नदीजन्य पदार्थहरुको उत्खनन र परिमाणीकरण गरि घाटगद्दी गरि कोशी प्रदेश आर्थिक ऐन २०८१ ले उल्लेख गरेको दरमा राजस्व संकलन गरि विक्री वितरण गर्ने निर्णय गरियो । साथै नदीजन्य पदार्थको उत्खनन तथा घाटगद्दी गर्ने कार्यको स्थलगत रुपमा प्रत्यक्ष रेखदेख र नियमित अनुगमनको लागि यस नगरपालिका वडा नं ५ का वडा सदस्य श्री सुरेन्द्र तामाङ लाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

CamScanner